# तेलहन/दलहन बाली प्रवर्धन कार्यक्रम सञ्चालन मापदण्ड,२०८३

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८३/०५/०९)*

**<u>प्रस्तावनाः</u>** तेलहन तथा दलहन बालीको उत्पादन वृद्धि गरी आयात न्यूनीकरण तथा निर्यात प्रवर्धनका लागि तेलहन/दलहन बाली प्रवर्धन कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

## १. प्राविधिक पक्षः

(१) यस कार्यक्रम मार्फत तेलहन बाली जस्तै तोरी, सर्स्यूं, तिल, सूर्यमुखी आदि र दलहन बाली जस्तै मुसुरो, चना, केराउ, गहत, केसरी, मास, रहर, बोडी, सिमी, भटमास आदि बालीको उत्पादन प्रवर्धन तथा बजारीकरण गर्नुपर्नेछ।

(२) यस कार्यक्रममा सहभागी हुन ईच्छुक कृषि फर्म/कम्पनी, कृषक समूह वा कृषि सहकारी संस्थाले कुनै एक बालीको खेती प्रवर्धनको लागि प्रस्ताव पेस गर्न सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन गर्ने कार्यालयले जिल्लाको प्राथमिकताका आधारमा बढीमा तीन वटा बालीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको न्यूनतम क्षेत्रफलमा खेती गर्नुपर्नेछ।

| क्र.सं. | कार्यक्रमको नाम | न्यूनतम क्षेत्रफल | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| (क) | उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम | <u>समुह/सहकारीको हकमाः</u> तराईमा १०० रोपनी, पहाडमा ५० रोपनी तथा <u>उच्च पहाडमा २० रोपनी</u><br><u>कृषि फर्म/कम्पनीको हकमाः</u> तराईमा कम्तीमा २० रोपनी र पहाड/उच्च पहाडमा कम्तीमा १० रोपनी | कृषि फर्म/कम्पनी वा कम्तीमा १० घरपरिवार संलग्न हुने गरी कृषक समूह वा सहकारी संस्थामार्फत सञ्चालन हुने |

**(५)** तेलहन/दलहन बाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम हुने क्रियाकलापहरु देहाय बमोजिम हुनेछन्।

| क्र.सं. | क्रियाकलाप | सञ्चालन प्रक्रिया |
|---|---|---|
| (क) | बीउ बिजन, यन्त्र उपकरण तथा मेसिनरी औजार खरिद, | कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिक सिफारिस बमोजिम व्यवस्था गर्नुपर्नेछ। |
| (ख) | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | साना सिँचाइ पूर्वाधार (बोरिङ्ग, लिफ्टिङ, कुलो, पोखरी, पाइप विस्तार आदि) निर्माण तथा मर्मत सम्भार गर्न सकिनेछ। |
| (ग) | कृषक क्षमता अभिबृद्धि तालिम | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले कार्यक्रम सञ्चालन हुने समुदायमा प्रचलित खर्चको मापदण्ड बमोजिम स्थलगत कृषक क्षमता अभिबृद्धि तालिम सञ्चालन गर्नु सक्नेछ। |
| (घ) | बजार प्रवर्धन सहयोग | ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ गरी बजारीकरण गर्न सहयोग तथा सहजीकरण गर्न सकिनेछ। |

२. **आर्थिक पक्षः**

(१) स्वीकृत बजेटको परिधिभित्र रही कृषि अनुदान सम्बन्धी क्रियाकलापहरुमा अनुदानको सीमा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" बमोजिम हुनेछ।

(२) प्रति अनुदानग्राहीको लागि अनुदानको अधिकतम सीमा वार्षिक बजेटको परिधिभित्र रही हुनेछ।

(३) आवश्यकताका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले कार्यक्रममा विनियोजित कुल बजेटको २% नबढ्ने गरी अभिमुखीकरण कार्यक्रम तथा अनुगमन मूल्याङ्कनमा खर्च गर्न सक्नेछ।

३. **प्रस्ताव मूल्याङ्कनका आधारः** आवेदकले पेश गरेको प्रस्ताव बमोजिम स्थलगत अनुगमन हुँदा प्राविधिक विषयहरु (प्रस्तावित बाली र जात, हावापानी र भौगोलिक उपयुक्तता आदि) का आधारमा उपयुक्त देखिएका प्रस्तावलाई मात्र देहाय बमोजिम मूल्याङ्कन गरिनेछ।

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| (१) | **खेती गर्ने क्षेत्रफल** | ४० |
| (क) | न्यूनतम क्षेत्रफलमा उत्पादन गर्ने भएमा | ३० |
| (ख) | (क) बमोजिमको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा ३० अङ्क | १० |

| | | |
|---|---|---|
| | प्रदान गरी प्रति २० प्रतिशत थप क्षेत्रफलका लागि १ अङ्कका दरले थप गरी अधिकतम १० अङ्कसम्म प्रदान गर्ने | |
| (२) | **बाली उत्पादन हुने जग्गाको अवस्थिति** | **२०** |
| (क) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | २० |
| (ख) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | ५ |
| | नोटः क्र.सं. २ को प्रयोजनको लागि उत्पादन गरिने प्लट बीचको दुरी ३०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| (३) | **अनुदान प्राप्तिको अवस्था** | **२०** |
| (क) | विगतमा कुनै पनि किसिमको अनुदान प्राप्त नगरेको | २० |
| (ख) | विगत ३ आ.व. मा फरक प्रकृतिको कृषि कार्यका लागि अनुदान प्राप्त गरेको | १० |
| (ग) | विगत ३ आ.व. मा सोही प्रकृतिको कृषि कार्यका लागि अनुदान प्राप्त गरेको | ५ |
| (४) | **व्यावसायिक अवधारणा** (उत्पादन योजना, बजारीकरण, दिगोपना, नवीनतम सोच, लाभ लागत विश्लेषण, प्रस्तावित कार्यक्रम सम्बन्धी कृषकको अनुभव र लगाव लगायतका विषयहरु तथा स्थलगत अनुगमनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी २० अङ्कसम्म प्रदान गर्ने) | २० |
| | **जम्मा** | १०० |

**४. <u>संशोधनः</u>** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

**५. <u>प्रचलित कानुन बमोजिम हुनेः</u>** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।